हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

आज मिती २०७७ साल मंसिर महिनाको ११ गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | [signature] |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | [signature] |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | [signature] |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | [signature] |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | [signature] |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | [signature] |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | [signature] |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | [signature] |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | [signature] |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | [signature] |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | [signature] |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | [signature] |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | [signature] |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | [signature] |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | [signature] |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | [signature] |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | [signature] |
| २० | सचिव (.प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | [signature] |

उदय प्रसाद देवकोटा
प्रमुख प्रशासकिय अधिकृत

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही

मिती २०७७।०८।११

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. प्राथमिक स्वास्थ्य केन्द्र सारेको खर्च सम्वन्धमा ।

२. वडा नं. ६ को खेलकुद समितिलाई रकम भुक्तानी सम्वन्धमा ।

३. हरिपुर बजारको बाटो खुलाउने सम्वन्धमा ।

४. उपभोक्ता समिति गठन सम्वन्धमा ।

५. सफ्टवेयर खर्च व्यवस्थापन सम्वन्धमा ।

**निर्णय नं. १**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको प्राथमिक स्वास्थ्य केन्द्र सारेको खर्च सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. २ को प्राथमिक स्वास्थ्य केन्द्र भाडामा संचालन भईरहेकोले उक्त भाडामा संचालन भएको ठाउँबाट आफ्नै जगगाको भवनमा समानहरु सारेकोले व्यवस्थापन तथा अन्य खर्चका लागि रकम रु. १,३९,५०४।०० ( फरहदवा स्वास्थ्य चौकी सहित) देहायको शिर्षकमा खर्च भएकोले हरिपुर प्राथमिक स्वास्थ्य केन्द्रलाई भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | श्रमीक खर्च | ३१,०००।०० | |
| २ | विद्युत वाइरिंग | ५२,७४४।०० | |
| ३ | वाल पर्खाल मर्मत | ४,०००।०० | |
| ४ | घरभाडा करकट्टी सहित | ६,२१०।०० | |
| ५ | अन्य खर्च (खाजा, कार्पेट, झारु, डोरहाजरी फाराम, अगरवत्ती, साइनवोर्ड | १४,५५०।०० | |
| ६ | प्लम्वर तथा मिस्त्री खर्च | २,०००।०० | |
| ७ | कम्पाउण्डमा माटो पुर्ने कार्य | २९,०००।०० | |
| | जम्मा | १,३९,५०४।०० | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।०८।११

**निर्णय नं. २**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको वडा नं. ६ को खेलकुद समितिलाई रकम भुक्तानी सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ६ मा खेलकुद समितिले समान खरिद गरी वितरण गरेको रकम यस नगरपालिकाको आ.व. २०७७।०७८ को छैठौं नगरसभाको हरिपुर नगरपालिका क्षेत्रभरी युवा तथा खेलकुद विकास कार्यक्रमको सि.नं. ४४ खर्च शिर्षक २२५२९ मा रु. ६,००,०००।०० विनियोजन भएको रकम मध्ये विल अनुसारको रकम रु. ९९,७७९।०० श्री मण्डल स्पोर्टस सेन्टरलाई रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको हरिपुर बजारको बाटो खुलाउने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाका वडा नं. २ मा रहेको बजारको रेडक्रस देखी पुर्व गुदरी बजार जाने बाटो खुलाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको उपभोक्ता समिति गठन सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७७।०७८ मा उपभोक्ता समितिबाट संचालन हुने योजनाहरुको हकमा उपभोक्ता समितिबाट जनसहभागिता जुटाई निम्न अनुसारको प्रक्रिया र कार्यतालिका बमोजिम उपभोक्ता समिति गठन गरी योजना संचालन गर्ने निर्णय गरियो ।

**तपसिल**

(१) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थलमा नै सातदेखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

(२)समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय यसै साथ सग्लग्न सार्वजनिक रुपमा जारी गरिएकोसूचनाअनुसार गराउनु पर्नेछ । र भेलाको उपस्थिती कम्तीमा समितीको सख्याको पाँच गुणा भन्दा वढी हुनु पर्ने छ ।

(३) वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(४) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ । र समितीका पदाधिकारीहरु पुर्ण रुपमा साक्षार हुनु पर्नेछ ।

(५) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै एकासगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

(६) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा सस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।

(७) उपभोक्ता समितिको सदस्य सम्बन्धित आयोजना क्षेत्रको स्थायी बासिन्दा हुनु पर्नेछ ।

(९) उपभोक्ता समितिको सदस्यको उमेर १८ वर्ष पुरा भएको हुनु पर्नेछ ।

(१०) उपभोक्ता समितिको सदस्य फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको साथै सरकारी बाँकी बक्यौता वा पेश्की फर्छ्यौट गर्न बाँकी नरहेको हुनु पर्नेछ ।

प्रमिला

मिती २०७७।०८।११

(११) उपभोक्ता समितिमा जनप्रतिनिधी, राजनैतिक दलका पदाधिकारी, बहालबाला सरकारी कर्मचारी र शिक्षक समेत सदस्य हुन पाउने छैन ।

(१२) उपभोक्ता समितीबाट कम्तीमा जनसहभागिता वापत १०% पक्की काम र कच्ची काममा १२% लागत सहभागिता व्यहोर्नु पर्नेछ ।

कार्यतालिका

| वडा नं. | उपभोक्ता समिति गठन हुने मिति | आम भेला हुने स्थान | समय |
|---|---|---|---|
| सवै | २०७७।०८।२० गते देखि २०७७।०९।०५ गते सम्म | सवै वडाहरुले सार्वजनिक सुचना प्रकाशित कार्यतालिका अनुसार गर्ने | सवै वडा कार्यालयका सार्वजनिक सुचनाको समय अनुसार |

- ✓ उपभोक्ता समितिसँग योजना सम्झौता गरी कार्यादेश दिने मिति २०७७।०९।२० गते सम्म
- ✓ उपभोक्ता समितिले कार्यादेश पाएको मितिले ३ महिना भित्र योजना सम्पन्न गरिसक्नु पर्ने छ ।

**निर्णय नं. ५**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको सफ्टवेयर खर्च व्यवस्थापन सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा कार्यालयहरुमा सिफारिस सफ्टवेयर जडान गरी कार्यालयको सेवा प्रवाह चुस्त दुरुस्त बनाउन नगरपालिकाको कन्टेजेन्सीबाट रु. ३,००,०००।०० खर्च गरी सफ्टवेयर जडान गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत